निर्णयहरु :

१. जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरामा कार्यरत जि.स.अ. श्री पशुपति महत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौको च.नं ११२३ मिति २०७९।११।०२ गतेको पत्रानुसार वन तथा वातावरण मन्त्रालय अन्तर्गत सरुवा भई यस कार्यालयमा रा.प.दितिय श्रेणी जि.स.अ.को पद रिक्त रहन गएको छ । हाल यस कार्यालयमा सं.मा.तथा सा.प्र.मन्त्रालयको च.न. ६११ मिति २०८०।०१।०३ गतेको प्राप्त पत्रानुसार सरुवा भई यस कार्यालयमा रिक्त रहन गएको रा.प.तृतिय श्रेणी शाखा अधिकृत पदमा सरुवा भई आउनु भएका शा.अ.श्री करुणाकर पन्त हाजिर भई नियमानुसार कामकाज गरिरहनु भएकोमा कार्यालयको दैनिक प्रशासनिक लगायत आर्थिक अक्तियारी नभई कामकाजमा समस्या परिहेको हुदा निज शा.अ.को नाममा आर्थिक अक्तियारी प्रदान गराईदिन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौ लाई अनुरोध गर्ने निर्णय गरियो ।

२.जिल्ला समन्वय समिति महासंघ नेपालको च.नं.६६ ०७९/०८० मिति २०८०।०१।२९ गतेको पत्रानुसार जि.स.स.काभ्रेपलान्चोकमा मिति २०८०।०२।९र १० गते संचालन हुने महासंघ दोश्रो केन्द्रिय कार्यसमिति बैठक कार्यकममा यस जि.स.स.डडेल्धुरा वाट पत्रमा उल्लेखीत जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्युले सहभागिता जनाउने निर्णय गरियो ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौको च.नं. मिति २०८०।०१। गतेको प्राप्त पत्र तथा यस जि.स.स.कार्यालयको रिक्त रहेको रा.प.तृतिय श्रेणि शाखाअधिकृत पदमा सरुवाभै आउनु भएका शाखाअधिकृत श्री करुणकर पन्तलाई हार्दिक बधाई तथा शुभकामना दिदै यस जि.स.स.को कार्यालयमा स्वागत गर्ने निर्णय गरियो ।

४.यस कार्यालयको च.नं.५० मिति २०८०।०१।०६ गतेको पत्र अनुसार निर्वाचन आयोग नेपाललाई गाडी उपलव्ध गारई दिने पत्रका सम्वन्धमा कार्यालयको समस्यालाई सम्वोधन गर्दै आयोगको च.नं.६१७ मिति २०८०।०१।१७ गतेको प्राप्त पिबअप हस्तान्तरण पत्र अनुसार जिल्ला निर्वाचन कार्यालय बर्दियाको ह.पा.नं.०१ मिति २०८०।०१।२८ गते बा २ भ ३०४ नम्वरको महेन्द्र स्कारपियो पिकअप Engine N0 HSDUJ 16830 / Chassis N0 E6065248 गाडी यस कार्यालय लाई उपलव्ध गराईएको हुदा निर्वाचन आयोग नेपाल प्रति आभार व्यक्त गर्दै विशेष धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।